# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, फागुन २१ गते २०५४ साल (अतिरिक्ताङ्क ६४

## भाग ३

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

### बिर्ता उन्मूलन (पाँचौं संशोधन) नियमावली, २०५४

बिर्ता उन्मूलन नियमावली, २०१७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, बिर्ता उन्मूलन ऐन, २०१६ को दफा १३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "बिर्ता उन्मूलन (पाँचौं संशोधन) नियमावली, २०५४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ख. मा संशोधनः बिर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३ख. को सट्टा देहायको नियम ३ख. राखिएको छः–

"३ख. कारवाई टुंगो लगाउनुपर्ने अवधिः "ख" श्रेणीको बिर्ता जग्गा दर्ता गराउनको लागि ऐनको दफा ७क. बमोजिम परेको दरखास्त र ऐनको दफा १२क. को प्रतिबन्धात्मक वाक्यांश बमोजिम रैकरमा परिणत गरी जग्गा दर्ता गराउन परेका निवेदनहरू उपर २०५६ साल चैत मसान्तभित्र कारवाईको टुंगो लगाइसक्नुपर्नेछ ।"

आज्ञाले,
रेवतीरमण पोखरेल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। १४१८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४९८